# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/११/१५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------------

जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंका उप-न्यायाधिवक्ता प्रकाश घिमिरेले जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंमा पेश भई अनुसन्धान भईरहेको मुद्दा सहज बनाई छिटो अदालतमा पेश गरी दिन्छु भनि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटीई गएको टोलीले निज उप-न्यायाधिवक्ता प्रकाश घिमिरेलाई रु.२०,०००।-(बिस हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निज उप-न्यायाधिवक्ता प्रकाश घिमिरेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुंदा निज राष्ट्रसेवक उप-न्यायाधिवक्ता प्रकाश घिमिरेलाई रु.२०,०००।-(बिस हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता